स्वीकृत मितिः २०७९।७।२२

# चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान सम्बन्धी कार्यविधि, २०७९

चिकित्सा शिक्षा आयोग

सानोठिमी भक्तपुर

# चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना**

चिकित्सा विधामा उच्च शिक्षा अध्ययनका लागि नेपाल सरकारलाई उपलब्ध हुने छात्रवृत्तिलाई निष्पक्ष, विश्वसनीय र वस्तुनिष्ठ तरिकाले व्यवस्थापन गरी विपन्न लगायत विद्यार्थीहरुको समतामूलक पहुँच सुनिश्चित गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा भएको छात्रवृत्ति र अनुदान सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सोही ऐनको दफा १७ को उपदफा (८) र (१०) बमोजिम चिकित्सा शिक्षा आयोगको मिति २०७७।०४।३० को निर्णय बमोजिमको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

**परिच्छेदः एक**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) “आयोग” भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) “नियमावली” भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ ।

(घ) “चिकित्सा शिक्षा” भन्नाले स्वास्थ्य पेशा सम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसनल एजुकेसन) सम्झनु पर्छ ।

(ङ) “निर्देशक” भन्नाले चिकित्सा शिक्षा आयोगको निर्देशक सम्झनु पर्छ ।

(च) “निर्देशनालय” भन्नाले चिकित्सा शिक्षा आयोगको निर्देशनालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति सम्झनु पर्छ ।

(ज) “छात्रवृत्तिको सिट” भन्नाले नेपालका सार्वजनिक तथा निजी शिक्षण संस्थाबाट र विदेशबाट चिकित्सा शिक्षाका कार्यक्रम अध्ययनका लागि नेपाल सरकारलाई उपलब्ध हुने छात्रवृत्ति सिट सम्झनु पर्छ।

(झ) “छात्रवृत्ति” भन्नाले ऐनको दफा १७ को उपदफा ४ र ७ तथा दफा १८ को उपदफा ३ र नियमावलीको नियम २० बमोजिमको व्यवस्था सम्झनु पर्छ ।

(ञ) “कार्यक्रम” भन्नाले चिकित्सा शिक्षा आयोगबाट स्वीकृत चिकित्सा शिक्षाका शैक्षिक कार्यक्रम सम्झनु पर्छ।

(ट) “छात्रवृत्तिमा छनोट” भन्नाले चिकित्सा शिक्षा आयोगले गरेको छनोट प्रकियालाई सम्झनु पर्छ।

(ठ) “कबुलियतनामा” भन्नाले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी र चिकित्सा शिक्षा आयोग बीचमा गरेको नियमावलीको अनुसूची - ६ बमोजिमको कबुलियतनामा सम्झनु पर्छ।

(ड) “छात्रवृत्ति अनुदान” भन्नाले सार्वजनिक शिक्षण संस्थामा स्नातक तहको कार्यक्रममा उपलब्ध सिट संख्याको कम्तिमा पचहत्तर प्रतिशत सिटको निःशुल्क छात्रवृत्तिको लागि र स्नातकोत्तर तहमा निःशुल्क अध्यापन गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण संस्थालाई उपलब्ध गराउने एकमुष्ट अनुदान सम्झनु पर्छ।

(ढ) “प्रतिष्ठान” भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठान सम्झनु पर्छ ।

(ण) “शिक्षण संस्था” भन्नाले प्रचलित कानुन बमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्छ ।

(त) “सार्वजनिक शिक्षण संस्था” भन्नाले सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्तिको प्रयोग गरी स्थापना भएका सरकारी, सार्वजनिक गुठि, प्रतिष्ठान जस्ता प्रकृतिका शिक्षण संस्था सम्झनु पर्छ ।

(थ) “निजी शिक्षण संस्था” भन्नाले स्वदेशी लगानी, विदेशी लगानी वा नेपाली र विदेशीको संयुक्त लगानीमा सञ्चालित शिक्षण संस्था संझनु पर्छ ।

(द) “शिक्षण शुल्क” भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालीम र परीक्षा शुल्क सम्झनु पर्छ र सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण संस्थाले लिने अन्य शुल्कलाई समेत जनाउँछ।

## परिच्छेदः दुई

## छात्रवृत्ति सम्बन्धी व्यवस्था

१. **छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१) नेपालमा सञ्चालित चिकित्सा शिक्षा प्रदायक शिक्षण संस्थामा स्नातक तथा स्नातकोत्तर तहमा र विदेशबाट विभिन्न तहका लागि प्राप्त भएका सिटहरुमा चिकित्सा शिक्षा ऐन अनुसारको व्यबस्था अनुसार छात्रवृत्ति उपलब्ध हुनेछ ।

(२) दफा (१) बमोजिमको छात्रवृत्तिका लागि ऐनको दफा १७ को उपदफा ४ र ७ बमोजिम नेपालमा सञ्चालित सार्वजनिक शिक्षण संस्थाले कुल सिट संख्याको पचहत्तर प्रतिशत, स्वदेशी लगानीको निजी शिक्षण संस्थाले दश प्रतिशत र नेपाली र विदेशीको संयुक्त लगानी वा विदेशी लगानीमा सञ्चालित शिक्षण संस्थाले कुल सिट संख्याको कम्तिमा बीस प्रतिशत सिट छात्रवृत्ति सिटको रुपमा नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ र नेपाल सरकारलाई विदेशबाट स्नातक तथा स्नातकोत्तर र सो भन्दा माथिको योग्यता हासील गर्न प्राप्त हुने सिट संख्या समेत छात्रवृत्तिको रुपमा गणना गरीनेछ ।

(३) शिक्षण संस्थाका लागि प्रत्येक वर्ष तोकिने कुल सिट संख्याको आधारमा उपदफा (२) बमोजिम उपलब्ध हुने छात्रवृत्तिको सिट संख्या समितिले निर्धारण गर्नेछ। छात्रवृत्तिका लागि प्राप्त हुने कुलसिट संख्यालाई नियम २० को प्राबधान बमोजिम खुला र आरक्षित छात्रवृत्तिका लागि सिट संख्या निर्धारण गरिनेछ ।

(४) परीक्षा निर्देशनालयबाट एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा म्याचिङ्ग प्रणालीबाट उपदफा (३) बमोजिम निर्धारित छात्रवृत्ति सिटमा विद्यार्थी छनोट गरिनेछ।

(५) परीक्षा निर्देशनालयबाट उपदफा (४) बमोजिम छात्रवृत्तिमा छनौट भई भर्ना भएका विद्यार्थीको नामावली भर्ना समाप्त भएको मितिले सात दिनभित्र योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ र सोका आधारमा छात्रवृत्ति शाखाले छात्रवृत्ति सम्बन्धी अभिलेख व्यवस्थित गर्नेछ।

३. **छात्रवृत्तिका लागि पेश भएको हुनुपर्ने कागजातहरुः** नेपाल भित्रका शिक्षण संस्था र विदेशबाट समेत प्राप्त हुने छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक उमेदवारले एकीकृत प्रवेश परीक्षाको लागि आवेदन गर्दा पेश गरेका देहाय बमोजिमका कागजातहरुको रुजु गरी छात्रवृत्ति सिटमा छनोट गरिनेछः

(क) नेपाली नागरिकता / राष्ट्रिय परिचयपत्र,

(ख) चिकित्सा शिक्षा आयोगले सञ्चालन गरेको सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाण,

(ग) आरक्षित समूह तर्फको छात्रवृत्तिका लागि आरक्षित समूहको प्रमाणित कागजात,

(घ) सरकारी सेवामा कार्यरतका हकमा विभागीय स्वीकृति,

(ङ) आयोगले माग गरे बमोजिमको अन्य कागजात ।

४. **<u>विद्यार्थीको जिम्मेवारी:</u>** छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) छात्रवृत्तिमा छनोट भइसकेपछी सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना हुनु पर्नेछ,

(ख) सम्बन्धित शिक्षण संस्थाको प्रचलित नियम र अनुशासनको परिधिभित्र रही नियमित अध्ययन गर्नु पर्नेछ,

(ग) बीचैमा पढाइ छोड्न पाइने छैन,

(घ) अध्ययनलाई निर्धारित अवधि भित्रै पुरा गर्नु पर्नेछ,

(ङ) अध्ययन पुरा गरिसकेपछि ऐनको दफा ३८ (१) बमोजिम नेपाल सरकारले खटाएको दुर्गममा एक बर्ष र र सुगममा एक बर्ष अनिवार्य सेवा गर्नुपर्नेछ ।

५. **जिम्मेवारी पालना नगरेमा:** (१) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीले दफा ४ बमोजिमको जिम्मेवारी पालना नगरेमा देहाय बमोजिम हुनेछ;

(क) तोकिएको शिक्षण संस्थामा भर्ना भएर बिचैमा पढाई छोडेमा पढाई छोडेको बर्षपछि आयोगले सञ्चालन गर्ने कुनै पनि तहको एकीकृत प्रवेश परीक्षामा लगातार दुई बर्षसम्म सहभागी हुन पाउने छैन । साथै भविष्यमा समान तहको छात्रवृत्तिमा अध्ययनको लागि समेत अयोग्य हुनेछ।

(ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले कबुलियतनामा बमोजिमको काम नगरेमा पूर्ण शुल्क तिर्ने विद्यार्थीले तिरेको रकमको दोव्वर रकम जरिबाना गर्ने प्रयोजनका लागि कार्यकारी समितिको सिफारिस बमोजिम आयोगले विगो कायम गरी सरकारी बाँकी सरह अशुल उपर गर्नेछ ।

(ग) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले कबुलियतनामा बमोजिमको काम नगरेमा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

(घ) बिचैमा पढाई छोडेका र अनिवार्य सेवा पुरा नगरेका विद्यार्थीको विवरण सम्बन्धित विश्वविद्यालयबाट प्राप्त जानकारीका आधारमा सूची तयार गरी निर्णयका लागि पेश गर्ने जिम्मेवारी योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयले गर्नेछ।

६. **माफी मिनाहा वा छुट दिन सकिनेः** छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीको तर्फबाट अध्ययनलाई निरन्तरता दिन नसकेको वा नसकिने भनी निवेदन प्राप्त भएको अवस्थामा देहाय बमोजिम निजलाई माफि मिनाहा वा छुट गर्न सकिनेछ;

(क) निजको शारीरिक वा मानसिक रोगका कारण अध्ययनका लागि असमर्थ रहेको प्रमाण सहित मेडिकल बोर्डको सिफारिस भएमा,

(ख) निजको मृत्यु भएमा,

७. **<u>विदेशबाट प्राप्त हुने छात्रवृत्ति सम्बन्धी व्यवस्थाः</u>**

(१) चिकित्सा शिक्षाका जुनसुकै कार्यक्रम अध्ययन गर्नका लागि नेपाल सरकारलाई विदेशबाट प्राप्त हुने छात्रवृत्ति सिटलाई नेपालको छात्रवृत्ति सरह गणना गरीनेछ र त्यस्तो छात्रवृत्तिका लागि विद्यार्थी छनोट प्रक्रिया एकीकृत प्रवेश परीक्षाको योग्यताक्रम र म्याचिङ्ग प्रणालीको आधारमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सिटमा छनोट गर्दा यदि सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रक्रिया सम्पन्न भइनसकेको रहेछ भने नेपालका शिक्षण संस्था र विदेशबाट उपलब्ध छात्रवृत्ति सिटका लागि एकैपटक प्राथमिकता निर्धारण गर्न लगाई र म्याचिङ्ग प्रणालीबाट विद्यार्थी छनोट गरिनेछ।

(३) छात्रवृत्ति सिटमा नेपालमा छनोट भैसकेका उमेदवारले विदेशबाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि आवेदन दिन पाउनेछैन।

(४) एकीकृत प्रवेश परीक्षाको म्याचिङ्ग प्रक्रिया सम्पन्न भैसकेको अवस्थामा विदेशबाट प्राप्त हुने छात्रवृत्तिमा छनोट प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कम्तिमा सात दिनको समयावधि दिएर विदेशमा छात्रवृत्तिमा अध्ययनका लागि इच्छुक उमेदवारबाट विषयगत प्राथमिकता निर्धारण गरी अनलाइन वा प्रत्यक्ष आवेदन माग गर्ने,

(ख) पछिल्लो पटक सञ्चालित सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षाको योग्यताक्रम र उपदफा (क) बमोजिम आवेदन गरेका आवेदकहरुको विषयगत प्राथमिकताका आधारमा म्याचिङ्ग गरी विद्यार्थी छनोट गर्ने,

(ग) छनोट भएका विद्यार्थीको नामावली सम्बन्धित निकाय वा संस्थामा सिफारिस गरी पठाउने र सोको अभिलेख आयोगमा सुरक्षित राख्ने।

८. **<u>योग्यताक्रम मान्य हुने अवधिः</u>** छात्रवृत्तिका लागि प्रकाशन गरिएको योग्यताक्रम छात्रवृत्ति उपलब्ध गराउने शैक्षिक संस्थाको एक शैक्षिक सत्रका लागि मात्र मान्य हुनेछ।

९. **<u>विषय तथा अध्ययन गर्ने संस्था परिवर्तन नहुनेः</u>** छात्रवृत्तिमा अध्ययन गरिरहेको विद्यार्थीको विषय र शिक्षण संस्था परिवर्तन हुने छैन। तर विशेष परिस्थितिमा समितिले मनासिव आधार र कारण खुलाई आवश्यक परिवर्तन गर्न सक्नेछ।

१०. **<u>प्रतिवेदन पेश गर्नु पर्नेः</u>** छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले यस कार्यविधिको अनुसुची १ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

११. **<u>कबुलियतनामा गर्नु पर्नेः</u>** (१) छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालिममा जानु अघि त्यस्तो व्यक्तिले नियमावलीको अनुसूची ६ बमोजिमको ढाँचामा कवुलियतनामा गर्नु पर्नेछ।

(२) उपदफा (१) कबुलियतनामा गरेका व्यक्तिलाई नियमावलीको नियम २२ का सर्तहरु लागु हुनेछन।

(३) उपदफा (१) बमोजिम कबुलियतनामा गर्दा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकबाट जारी गरेको निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१२. **<u>सम्पर्क राख्नु पर्नेः</u>** छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले ऐनको दफा ३८ को उपदफा ३ बमोजिम अध्ययन पुरा भइ नजिता प्राप्त भएको एक महिना भित्र आफ्नो शैक्षिक प्रमाणपत्र सहित शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयमा सम्पर्क राख्नु पर्नेछ ।

१३. **<u>थप अध्ययनका लागि योग्य नहुनेः</u>** छात्रवृत्तिमा अध्ययन गरिसकेको विद्यार्थी कबुलियतनामा अनुसारको सेवा अवधि पुरा नगरी थप अध्ययनका लागि योग्य हुने छैन।

## परिच्छेदः तीन

## <u>छात्रवृत्ति अनुदान सम्बन्धी व्यवस्था</u>

१४. **<u>छात्रवृत्ति अनुदान सम्बन्धमा:</u>** (१) सार्वजनिक शिक्षण संस्थालाई स्नातक तहका छात्रवृत्तिमा छनोट भएका विद्यार्थीलाई निःशुल्क अध्ययनका लागि सिट निर्धारण भई भर्ना भएका विद्यार्थी संख्याका आधारमा ७५ प्रतिशत र तथा स्नातकोत्तर तहमा निशुल्क अध्ययनका लागि भर्ना भएका प्रति विद्यार्थीका आधारमा नेपाल सरकारबाट प्राप्त भए अनुसार चिकित्सा शिक्षा आयोग मार्फत एकमुष्ट अनुदान उपलब्ध गराइने छ ।

(२) सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ट अनुदान रकम उपलब्ध गराउनका लागि रकम गणना गर्दा स्नातक तथा स्नातकोत्तर तहका लागि तोकिएको निर्धारीत शुल्कलाई आधार मानि व्याचको पहिलो वर्षमा कुल शुल्कको एक तिहाई र अन्य वर्षमा कुल अध्ययन वर्ष अनुसार हुन आउने वार्षिक रकम नेपाल सरकारबाट प्राप्त अनुदान बजेटको सीमा भित्र रही सोहि बमोजिम निकासा दिइनेछ।

(३) स्नातक तथा स्नातकोत्तर तहका लागि उपलब्ध गराउने एकमुष्ठ अनुदान रकम बार्षिक रुपमा गणना गरी कार्यकारी समितिको निर्णय अनुसार उपलब्ध गराइनेछ।

(४) छात्रवृत्ति अनुदान व्यवस्थापन तथा समन्वयका लागि देहायअनुसारको समन्वय समिति रहनेछ ।

(क) चिकित्सा शिक्षा आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको निर्देशक - संयोजक

(ख) चिकित्सा शिक्षा आयोगको परीक्षा निर्देशनालयको निर्देशक - सदस्य

(ग) चिकित्सा शिक्षा आयोगको आर्थिक प्रशासन प्रमुख - सदस्य

(घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिनिधि - सदस्य

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधि - सदस्य

(च) विश्वविद्यालय अनुदान आयोगको प्रतिनिधि - सदस्य

(छ) चिकित्सा शिक्षा आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको उपसचिव - सदस्य सचिव

(५) <u>समितिको काम, कर्तव्य र अधिकारः</u> उपदफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा अन्तरनिकाय समन्वय गर्ने,

(ख) छात्रवृत्ति सम्बन्धी नीतिगत विषयमा राय, सुझाव र परामर्श दिने,

(ग) छात्रवृत्ति अनुदान वितरण सम्बन्धमा आवश्यक समन्वय र सहजिकरण गर्ने

(घ) छात्रवृत्ति अनुदान रकमको प्रयोग सम्बन्धी अनुगमनका लागि आधार तयार गर्ने

(ङ) चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान सम्बन्धी कार्यविधि संसोधन आवश्यक परेमा परिमार्जन गर्नु पर्ने विषय सहित सिफारिस गर्ने,

(च) छात्रवृत्ति व्यवस्थापन सम्बन्धी आयोगले तोकेको अन्य काम गर्ने ।

## परिच्छेदः चार

## अनुगमन, अभिलेख तथा अनुदानको प्रयोग र प्रतिवेदन सम्बन्धी व्यवस्था

१५. **छात्रवृत्तिको सिटमा छानिएका विद्यार्थीलाई अध्ययन अध्यापन गराउनु पर्नेः**

**(१)** एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा आयोगबाट छात्रवृत्तिमा छनोट भई आएका विद्यार्थीलाई अनिवार्य भर्ना गर्नु र शिक्षण संस्थासँग समन्वय गरी पठनपाठनको व्यवस्था मिलाउनु सम्बन्धित विश्वविद्यालयको अनिवार्य जिम्मेवारी हुनेछ।

**(२)** उपदफा (१) बमोजिम भर्ना भएका विद्यार्थीलाई अध्ययन अध्यापन गराउनु सम्बन्धित शिक्षण संस्थाको अनिवार्य दायित्व हुनेछ।

१६. **निःशुल्क अध्ययनको व्यवस्था मिलाउनु पर्नेः** छात्रवृत्ति सिटमा निःशुल्क अध्ययनका लागि छनोट भएका विद्यार्थीले शिक्षण शुल्क बापत कुनै पनि रकम तिर्नु पर्ने छैन। निःशुल्क अध्ययनको व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको हुनेछ।

१७. **<u>शिक्षण संस्थाको जिम्मेवारीः</u>** (१) सम्बन्धित विश्वविद्यालयबाट भर्ना भई आएका विद्यार्थीलाई अध्ययन अध्यापन कार्यमा सहभागी गराउनु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

(२) छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गरी सिकाइमैत्री वातावरणमा शिक्षण सिकाइ कार्य सञ्चालन गर्नु सम्बन्धित शिक्षण संस्थाको जिम्मेवारी हुनेछ.।

(३) शिक्षण संस्थाले प्रत्येक वर्ष छात्रवृत्तिमा पढ्ने विद्यार्थीको अध्यावधिक विवरण र प्रगति प्रतिवेदन विश्वविद्यालयमा पठाउनु पर्नेछ ।

१८. **<u>विश्वविद्यालयको जिम्मेवारीः</u>** आयोगबाट प्राप्त भएको छात्रवृत्ति नामावलीको आधारमा विद्यार्थीहरू भर्ना लिई सम्बन्धित शिक्षण संस्थामा अध्ययनका लागि पठाउने तथा भर्ना गरी पढाइको शुनिश्चिता गर्नु र अनुगमन गरी पृष्ठपोषण दिने काम सम्बन्धित विश्वविद्यालयको हुनेछ । साथै विश्वविद्यालयले शिक्षण संस्थाहरूसँग समन्वय गरी छात्रवृत्तिमा पढ्ने विद्यार्थीको अध्यावधिक विवरण प्रत्येक वर्ष आयोगमा पठाउनु पर्नेछ । शिक्षण संस्थाले विद्यार्थीको अध्यावधिक विवरण र प्रगति प्रतिवेदन नपठाएमा विश्वविद्यालय तथा आयोगले अनुदान रोक्का गर्न सक्नेछ ।

१९. **<u>एकमुष्ठ अनुदान रकमको परिचालन र प्रयोगः (१)</u>** चिकित्सा शिक्षाको छात्रवृत्ति सिट तथा निःशुल्क अध्ययन गराए बापत स्नातक तथा स्नातकोत्तर सञ्चालन गर्ने सार्वजनिक शिक्षण संस्थालाई प्राप्त हुने एकमुष्ट अनुदान रकमको परिचालन र प्रयोग दोहोरो सुविधामा खर्च गर्न नपाउने गरी गुणस्तरीय शिक्षण सिकाइका लागि आबश्यक क्रियाकलापहरुमा गर्नु पर्नेछ। प्राप्त अनुदान स्नातक तहका लागि फ्याकल्टी विकास, विपन्न विद्यार्थीलाई सहायता,शिक्षण सामाग्री खरीद, क्षमता विकास लगायतका व्यबस्थापकीय क्षेत्र र स्नातकोत्तर तहका लागि स्नातक तहमा समेटिएका अनुदान उपयोग हुने क्षेत्रहरुका साथै स्वास्थ्य सेवा प्रवाहमा संलग्न हुने आवासीय चिकित्सक लगायतका जनशक्तीका लागि सेवा सुविधाहरु उपलब्ध गराउने कार्यमा उपयोग गर्न सक्नेछ।

(२) शिक्षण संस्थाहरुलाई प्राप्त अनुदान खर्चको विवरण चिकित्सा शिक्षा आयोगलाई उपलब्ध गराउनु पर्नेछ । कुनै सार्वजनिक शिक्षण संस्थाले खर्च विवरण उपलब्ध नगराएमा नेपाल सरकारबाट प्राप्त अनुदान आयोगले रोक्का गर्न सक्नेछ ।

(३) आयोग मार्फत प्राप्त अनुदानको पारदर्शिता कायम गर्नु र सरोकारवालाहरुलाई जानकारी गराउनु सम्बन्धित शिक्षण संस्थाको दायित्व हुनेछ ।

२०. **<u>समन्वय गर्नुपर्नेः</u>** विश्वविद्यालय, शिक्षण संस्था र अन्य सरोकारवाला निकायले छात्रवृत्ति र अनुदान सम्बन्धी कार्यमा चिकित्सा शिक्षा आयोगसँग समन्वय गर्नु पर्नेछ ।

२१.**<u>अनुगमन तथा निर्देशन:</u>** आयोगले समय समयमा छात्रवृत्ति र अनुदान सम्बन्धी कार्यको अनुगमन गर्न, गराउन र आवश्यक निर्देशन दिन सक्नेछ ।

**परिच्छेदः पाँच**

**<u>विविध</u>**

२२. **<u>बाधा, अड्काउ फुकाउः</u>** यस कार्यविधि बमोजिमको व्यवस्था कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेमा योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

२३. **<u>अनुसूची हेरफेर सम्बन्धी व्यवस्था:</u>** कार्यविधि कार्यान्वयनका लागि अनुसूचीहरु थपघट गर्नु परेमा योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको सिफारिसमा समितिले गर्नेछ।

२४.**<u>कार्यविधिमा संशोधन सम्बन्धी व्यवस्था:</u>** यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नुपरेमा योजना,समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय वा छात्रवृत्ति अनुदान व्यबस्थापन तथा समन्वय समितिको सिफारिसमा कार्यकारी समितिबाट हुनेछ ।

**अनुसूची - १**

(दफा ११ सँग सम्बन्धित)

**<u>प्रतिवेदन</u>**

श्री चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर ।

**विषयः-** <u>प्रतिवेदन पेश गरेको ।</u>

राष्ट्रिय चिकित्सा शिक्षा ऐन तथा नियमावलीमा भएको व्यबस्था बमोजिम भर्ना वर्ष ..........................मा छात्रवृत्ति सिटमा छनोट भई ...................................................................................... शिक्षण संस्थामा ....................................... तह ...........................कार्यक्रम अध्ययन गरेकोमा मिति .....................................मा अध्ययन पुरा गरी प्रमाणपत्र समेत प्राप्त भएकोले संलग्न कागजात सहित प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको,

सहि:-

नाम:-

ठेगाना:-

मिति:-

**प्रतिवेदनमा उल्लेख गर्नु पर्ने तथा संलग्न गर्नुपर्ने कागजातहरुः**

क) अध्ययनको विषय/ कार्यक्रम

ख) अध्ययन गरेको संस्थाको नाम र ठेगाना

ग) हासिल गरेको शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक पमाणपत्र)

घ) अध्ययन शुरु गरेको र समाप्त भएको मिति

ङ) अध्ययन सम्बन्धमा प्राप्त गरेको अनुभव

***नोट :-*** *प्रतिवेदनमा विद्यार्थीले प्राप्त गरेका शैक्षिक प्रमाणपत्रहरु तथा अन्य प्रमाणपत्रहरु संलग्न गर्नु पर्ने छ।*